# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

------------------------------------------------

सिराहा प्राथमिक विद्यालय, रामपुरविर्ता-५, सिराहामा छात्रा शौचालय निर्माण गर्न भनी निकासा भएको सरकारी अनुदान रकमसमेत अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा श्री प्राथमिक विद्यालय, रामपुरविर्ता-५, का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामभरोस मण्डल तथा प्रधानाध्यापक बसन्त कुमार मण्डलसमेतले सरकारी रकम खानेमास्ने उद्देश्यले नक्कली जग्गाधनी प्रमाणपूर्जा बनाई पेश गरी छात्रा शौचालय निर्माण गर्न भनी निकासा भएको सरकारी रकम रू.४,००,०००/-(चार लाख) सार्वजनिक सम्पत्तिको हानिनोक्सानी भएको तथ्य स-प्रमाण पुष्टि हुन आएको हुँदा निजहरू व्यवस्थापन समितिका अध्यक्ष रामभरोस मण्डल तथा प्रधानाध्यापक बसन्त कुमार मण्डलको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर देखिएकोले प्रतिवादी बसन्त कुमार मण्डलको हकमा बिगो रू.४,००,०००/-(चार लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(१) र ३(१) को देहाय (घ) बमोजिम सजाय हुन र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम हिनामिना हानिनोक्सानी गरेको बिगो रू.४,००,०००/- (चार लाख) असुलउपर हुन मागदाबी लिइएको ।

साथै प्रतिवादी मध्येका रामभरोस मण्डलको मिति २०७३/०७/१० मा मृत्यु भइसकेको देखिएको । निज समेतले बिगो रू.४,००,०००/- (चार लाख) हिनामिना हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) को देहाय (घ) बमोजिम सजाय हुन र निज प्रतिबादी रामभरोस मण्डलको मृत्यु भैसकेको हुँदा निजले हानिनोक्सानी गरेको बिगो रू.४,००,०००। -(चार लाख) निजको हकदारबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता